नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

## प्रेस-विज्ञप्ती

गृह मन्त्रालय र अन्तर्गतका राष्ट्रसेवकहरुलाई जिम्मेवारीप्रति प्रतिवद्ध, कानून कार्यान्वयनमा दृढ, पारदर्शी एवं नतिजामा उत्तरदायी बनाउन तोकिएको कार्य समय, पदिय अधिकारको सीमा र सोपानसंग आबद्ध गर्दै निजामती सेवा ऐनको दफा १५, ऐ. नियमावलीको नियम ३४ (ख) एवं सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को प्रावधान बमोजिम गत आर्थिक वर्षदेखि देशका सवै जिल्लाका प्रमुख जिल्ला अधिकारीसंग गृह सचिवज्यूबाट कार्य सम्पादन सम्झौताको शुरुवात गरीएको ब्यहोरा अवगत नै छ । यसबाट प्राप्त अनुभव र पृष्ठपोषणलाई समावेश र परिमार्जन गरी चालू आर्थिक वर्षमा समेत प्रमुख जिल्ला अधिकारीसंग गृह सचिवज्यूले गर्ने कार्य सम्पादन सम्झौतालाई निरन्तरता दिइने छ । यसै शिलशिलामा मिति २०७६/४/१ गते गृह सचिवज्यूबाट गृह मन्त्रालयका ६ वटै महाशाखा प्रमुख, महाशाखा प्रमुखबाट शाखा प्रमुख र शाखा प्रमुखबाट शाखा अधिकृत सम्मका कर्मचारी वीच कार्य सम्पादन सम्झौता सम्पन भएको छ । यसैगरी आजै गृह सचिवज्यूबाट अध्यागमन विभाग, कारागार व्यवस्थापन विभाग र राष्ट्रिय परिचय-पत्र तथा पञ्जिकरण विभागका महानिर्देशकवीच समेत कार्य सम्पादन सम्झौता सम्पन्न भएको छ । यस प्रकारको कार्य सम्पादन सम्झौताले गृह मन्त्रालयसंग सम्बन्धित नेपाल सरकारको वार्षिक नीति, कार्यक्रम एवं बजेट कार्यान्वयन र गृह प्रशासन सुधार गर्ने कार्यमा अझ प्रभावकारी सहयोग पुग्नुका साथै कर्मचारीहरुमा जिम्मेवारी र जवाफदेहिता वहन गर्ने पद्धतिको विकास भई सुशासन कायम हुनेछ भन्ने कुरामा मन्त्रालय विश्वस्त छ ।

मितिः २०७६/०४/०१ गते, बुधवार

..................

(रामकृष्ण सुवेदी)

प्रवक्ता / सह-सचिव